महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः
च.नं

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
कमल गाउँपालिका,
झापा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट कमल गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सो सँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ४१ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.८५ लाख ४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.५४ लाख १३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. एकिकृत आर्थिक विवरण अनुसार श्रेष्तामा भन्दा वैंकमा रु ८ लाख ५७ हजार फरक देखिएकोमा सो को हिसाव मिलान गरेको छैन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।०२ मा जारी गरिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

कमल गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश १ मा अवस्थित यो गाउँपालिका अन्तर्गत ७ वडा, १०४.५७ वर्ग कि.मि. क्षेत्रफल र ४४,३६५ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

क सं.	आयतर्फ		क सं.	व्ययतर्फ	
	विवरण	रकम		**विवरण**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१५४१२५४०४.१५
	क) नगद		२	**पूँजीगत खर्च**	१७४८३६४७४.०८
	ख) बैंक	८०५९०३१.९५	३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	१६४८८२४६.५०		ख) ब्याज भुक्तानी	
३	**वित्तीय हस्तान्तरण**		४	**लगानी**	
	क)वित्तीय समानीकरण अनुदान	२१००३३०००.००		शेयर लगानी	
	ख) सशर्त अनुदान	११९६१९३२४.६५		अन्य लगानी	
	ग) समपूरक अनुदान		५	**धरौटी फिर्ता**	१५२३१५.००
	घ) विशेष अनुदान		६	**कोष खर्च**	
	ङ)सामाजिक सुरक्षा	८३३०९३३०.००	७	**सामाजिक सुरक्षा**	७५१४४१३०.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		८	विभिन्न निकायवाट प्राप्त रकम खर्च	
	क)वित्तीय समानीकरण अनुदान			**क)संस्कृति पवर्द्धन कार्यक्रम**	५००००००.००
	ख) सशर्त अनुदान	१०००००००.००		**ख) समाज कल्याण कार्यक्रम**	५००००००.००
	ग) समपूरक अनुदान			**ग) एल जी सी डी पी**	७७५५५०.००
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	२००००००.००	९	**मौज्दात**	
७	**विभिन्न कोषतर्फको आय**	२०००००००.००		क) नगद मौज्दात	५००००.००
८	**जनसहभागिता (नगद)**			ख) बैंक मौज्दात	३७४५६३३७.९६
९	**विषयगत निकायबाट प्राप्त रकम**			कोष मौज्दात	२५६७५८७.००
	क)संस्कृति पवर्द्धन कार्यक्रम	५००००००.००		धरौटी मौज्दात	२१०९४६.५०
	ख) समाज कल्याण कार्यक्रम	५००००००.००		हिसाव मिलान	(८५७००९.५९)
	ग) एल जी सी डी पी	७७५५५०.००			
१०	**धरौटी आय**	१६३०५२.००			
१२	**अन्य विविध आय**	२८१४२००.००			
	जम्मा	४४५४६१७३५.१०		**जम्मा**	४४५४६१७३५.१०

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
१	**वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नु पर्ने व्यवस्थाभएकोमा आर्थिक ऐन २०७४, नीति तथा कार्यक्रम २०७४ तथा विनियोजन ऐन २०७४ मिति २०७४।७।११ को गाउँसभावाट मात्र पारित गरेको छ भने उक्त ऐन २०७४।१२।१३ मा मात्र राजपत्रमा प्रकाशन गरेको छ ।ऐनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ ।	
२	**लक्ष्य तथा प्रगति :** कार्यालयले लक्ष्य अनुसार प्रगति गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा गाउँसभावाट पारीत विनियोजन ऐनमा उल्लेखित कार्यहरु कार्यान्वयनमा आए नआएको एकिन हुन सकेन । वार्षिक रुपमा कार्यक्रमको वजेट तथा खर्च समेत देखिने गरी आर्थिक कार्यविधि निमावली, २०६४ अनुसार अनुसूचि १ वमोजिम प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।	
३	**आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् । ● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन । ● आर्थिक कायंविधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन मा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन । ● मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिइ आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ- टिडिएस नगरेको, ● स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांस रकम तेश्रो चौमासीकमा खर्च गरेको, ● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, ● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेकोमा प्रतिवेदन दिने नगरेको, ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा दररेट तोकेको छैन । ● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन । ● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन । ● यस गाउँपालिकाले कन्टिजेन्सी खाता राखेको छैन । ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइ लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन । ● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन । ● केही सार्वजनिक निर्माणका कार्यहरुको सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति संवन्धीत कर्मचारीको नाम उल्लेख गरेको छैन । ● यस वर्ष गाउँपालिकाले तलवी प्रतिवेदन पास नगराई तलव तथा भत्ता भुक्तानी गरेको, ● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखाङ्कन गर्नुपर्नेमा लेखाङ्कन नगरेको, ● निजामती सेवा ऐन २०४९ वमोजिम कार्यविवरण वनाई लागु नगरेको, ● स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको श्रोत नक्साङ्कन नगरेको, ● वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, ● मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुकोलगत तयार गर्नुपर्नेमा गरेको छैन । ● चौमासीक खर्चको स्थिति माग गरीएकोमा सोको विवरण उपलव्ध नगराएको, ● यस वर्ष कल्याण कोषमा रु १५ लाख वजेट छुट्याइएकोमा छुट्याउने आधार तयार नगरेको, ● आयकर ऐन, २०५८ अनुसार कट्टी गरेको कर तोकिएको समयमा दालिखा गर्नुपर्नेमा नगरेको, ● विभिन्न तालीम तथा अन्य कार्यक्रम संचालन गर्न पेश्की दिएकोमा लागत अनुमान तथा खर्चको तेरीज संलग्न नराखी एकमुष्ट विल भपाईमात्र राखेको, ● खर्च भएर जाने सामानहरु जिन्सी दाखिला गर्दा मुल्य नखुलाएको, दाखिला रिपोर्टमा दालिखा नं., जिन्सी वर्गिकरण, जिन्सी खाता पाना नं. उल्लेख नभएको, ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन ।	
४	**जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यस कार्यालयमा गाभिएका गाविस हरुवाट सामान प्राप्त गरी दालिखा गर्नुपर्नेमा सो अनुसार भए गरेको छैन ।	
५	**वजेट वाँडफाँडको स्थिति :** यस गाउँपालिकाले नीति, वजेट तथा कार्यक्रम अनुसार पुजीगत वजेटमा रु १९ करोड २० लाख ३७ हजार विनियोजन गरेता पनि उक्त वजेट भित्र कृषि, पशु, महिला तथा वालवालीका, स्वास्थ्य तथा सरसफाइ कार्यक्रम आदि कार्यक्रममा रु १ करोड ८३ लाख ४८ हजारका चालू प्रकृतिका कार्यक्रम समेत समावेश गरेको छ । जसले गर्दा कार्यालयको वित्तीय विवरणले शीर्षकगत खर्चको यथार्थता चित्रण गर्दैन । यसमा सुधार गर्नुपर्दछ ।	
६	**फोहोरमैला व्यवस्थापन :** गाउँपालिकाले फोहोरको व्यवस्थापन गरी नगर सफा राख्नुपर्दछ । गाउँपालिकाले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन । ● ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको, ● फोहोर मैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गर्ने, ● फोहोर मैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्य ● उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता	
७	**चौमासिक खर्च :** गाउँपालिकाले स्वीकृत भएका योजनाहरु चौमासीक रुपले कार्यक्रम वनाइ खर्च गर्नुपर्नेमा गरेको छैन । कुल पुजीगत खर्च रु १७ करोड ४८ लाख ३६ हजार मध्ये चौमासीक रुपमा कार्यक्रम वनाई कार्यान्वयन नगरेको कारण तेश्रो चौमासीममा मात्र रु १३ करोड ९२ लाख २० हजार खर्च भई ७९.६३ प्रतिशत खर्च भएको छ भने असारमा मात्र रु ६ करोड ६२ लाख ४१ हजार खर्च गरेको छ । विकास निर्माणका कामहरु आर्थिक वर्षको अन्त्यमा गर्दा गरेका कार्यको दिगोपन नहुने हुदा यसमा सुधार गर्नुपर्दछ ।	
८	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । तर यस गाउँपालिकाले २ वटा वाटोको मात्र सवारी कर ठेक्कामा लगाएको छ । वाँकी रहेको ठाउमा समेत कर लगाई आन्तरिक आयलाई प्रभावकारी वनाउनुपर्दछ ।	
९	**कार्यसम्पादन जमानत जफत नगरेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा संझौता वमोजिमको काम नगरेमा सो कामको लागि राखीएको कार्यसम्पादन जमानत रकम जफत गर्नुपर्ने उल्लेख छ । कार्यालयले विद्युत पोल खरिदको लागि दरभाउपत्र आह्वान गरी न्युन कवोल गर्ने लक्की कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ विल्डर्स झापा संग रु. ११,८५,५०५।६० को संझौता गरेकोमा संझौता अनुसार विद्युत पोल खरिद नगरेको कारण निजले राखेको रु ७५ हजारको कार्यसम्पादन जमानत जफत नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.....	७५,०००।

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
१०	**ढुंगाको रोयल्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कार्यको खर्चका प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसारको कार्यमा ढुंगा संकलन वापत रोयल्टी समेत जोडी लागत अनुमान तयार गरी सोही अनुसार खर्च लेखेको छ । तर जिल्लाको ढुंगा, गिट्टी तथा वालुवको रोयल्टी प्रति क्यु फिट २ रुपैया भएकोमा सो अनुसार प्रति क्यु.मिटर ७०.५६ हुनुपर्नेमा देहायअनुसार वढी दरले हुने गरी लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु ...	३२,०९९/

योजनाको नाम	कुल भुक्तानी	ढुंगाको परिमाण (M3)	रोयल्टीको दर	हुनुपर्ने रोयल्टी को दर	फरक दर	वढी भुक्तानी
कमल खोला तटवन्ध निर्माण	३५०००००	४४३.९७	१४२.८६	७०.५६	७२.३	३२०९९

११	**दाखिला प्रमाण पेश गर्नुपर्ने :** कार्यालयले दिएको अनुदान रकमको सदुपयोग भएको हुनुपर्दछ । गाउँपालिकाले मदन आश्रीत स्मृति आ.वि. झापालाई सभाकक्षमा सिलीङ, फर्निचर आदि खरिद गर्न रु ३ लाख दिएकोमा विद्यालयले रु २३८४३०। को २० थान कुर्सी तथा रु ४५०००। को विद्युत वल्व खरिद गरेकोमा जिन्सी दालिखाको प्रमाण पेश गरेको छैन । दालिखा नगर्दा उक्त सामानहरु दुरुपयोग हुनसक्ने हुदा जिन्सी दालिखाको प्रमाण पेश गर्नुपर्ने रु	२,८३,४३०।
१२	**शैक्षिक तथा खेलकुद सामाग्री खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु २० लाख भन्दा कमको सामान खरिद गर्दा शिलवन्दी दरभाउपत्र आह्वान गर्नुपर्ने उल्लेख छ । कार्यालयले पुजीगत खर्च शिर्षकको भौ नं. ५२१ वाट स्मार्ट ट्रेडर्स झापा वाट मिति २०७५।३।५ र ३।७ मा रु ९९९७३९। को खेलकुद लगायत प्लाष्टिक सामानहरु सोझै खरिद गरेको देखियो । नियमावलीमा भएको उपर्युक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१३	**प्रांगारिक मलमा अनुदान :** कृषि अनुदान कार्यक्रम अन्तर्गत गाउँपालिकाले प्रांगारीक मलको लागि श्री आइ पि एम कृषि सहकारी संस्था लि. लाई रु ५ लाख दिने संझौता गरी भुक्तानी गरेको छ । संझौतामा रु ९ लाखको कार्य गर्नुपर्ने उल्लेख छ तर वितरण गर्ने संवन्धी व्यवस्था संझौतामा उल्लेख छैन । अनुदान दिदा निश्चित मापदण्ड तयार नगरी संस्था छनोट गरेको छ । उक्त संस्थाले अनुदानवाट के कति काम गर्‍यो र उक्त उत्पादित मल वितरण भएको भपाई संलग्न गरेको छैन । अनुदानलाई व्यवस्थीत वनाउनुपर्ने देखिन्छ ।	
१४	**भर्पाइका आधारमा भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका विल भर्पाइ राख्नुपर्ने उल्लेख छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा वीस हजार भन्दा वढीको खरिद गर्दा मु.अ.करमा दर्ता भएका संग खरिद कार्य गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार आफै वा उपभोक्ता समितिमार्फत काम गराउदा भर्पाईका आधारमा मात्र भुक्तानी दिएको छ । कर विजक वेगर भर्पाइका आधारमा भुक्तानी दिदा कर विवरण नवुझाउने तथा राज्यलाई प्राप्त हुने राजस्व समेत गुम्ने अवस्था रहन्छ । यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ । उक्त रकम नियमित गर्नुपर्ने रु ...	५२१४,७९४/

भौ नं.	भर्पाइका आधारमा भुक्तानी	भुक्तानी पाउनेको नाम	विवरण

दफा नं.	भौ.नं., मिति र व्यहोरा				बेरुजू रकम रु.
		भएको रकम			
	५९४	७६५४४	प्रधान सप्लायर्स	स्काभेटर प्रयोग	
	६३०	१०६६०००	"विभिन्न योजना मर्मत उपभोक्ता समिति" नामको उपभोक्ता समिति	विभिन्न १२ ठाउमा ग्राभेल तथा मर्मत कार्य गराएको	
	६६३	९६८००	व्यक्ति	रिङ खरिद गरेको भनि भर्पाईको आधारमा भुक्तानी	
	६७४	११७५२००	कमल खोलामा तटवन्ध निर्माण उ.स	कुल १६६३८२५। भुक्तानी मध्ये ११७५२००। को वालुवा माटो चपरी आदि ढुवानी गरी व्यक्तिलाई भुक्तानी	
	६८५	३४००००	वडा नं. ६ का वडाध्यक्ष	ग्राभेल ढुवानीको भर्पाइ संलग्न	
	६९९	३५००००	वडा नं. ७ का अध्यक्ष	ग्राभेल ढुवानीको भर्पाइ संलग्न	
	६९८	१५००००	वडा नं. ४ का अध्यक्ष	ग्राभेल ढुवानीको भर्पाइ संलग्न	
	७०१	३३००००	वडा नं. ५ का अध्यक्ष	ग्राभेल ढुवानीको भर्पाइ संलग्न	
	८	१६३०२५०	वडा नं. १ का अध्यक्ष	कुल रु १८७८०३८। खर्च भएकोमा रु १६३०२५०। को ग्राभेल ढुवानी, वालुवा पुर्ने आदि कार्य गराइ आपुर्तिकर्तालाई भपाई गराई भुक्तानी	
	जम्मा	५२१४७९४			
१५	**सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ मा रु २० लाख सम्मको खरिद शिलवन्दी दरभाउपत्र तथा नियम ३१ मा २० लाख भन्दा वढीको खरिद वोलपत्र आह्वान गरी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मेशीनरी औजार तथा फर्निचरका सामान सोझै खरिद गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी सोझै खरिद गरेको रकम नियमसंगत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।				

भौ नं.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	विवरण
१	नेशनल कम्प्युटर, झापा	३४९७००	व्याट्टी लगायत सामान
२	नेशनल कम्प्युटर, झापा	४३००००	डेस्कटप, प्रिन्टर लगायतका सामान
११	नेशनल कम्प्युटर, झापा	३३७२६५	डेस्कटप, प्रिन्टर लगायतका सामान
१२	नेशनल कम्प्युटर, झापा	७५०००	ल्यापटप
२३	नेशनल कम्प्युटर, झापा	२१७७००	डेस्कटप, प्रिन्टर लगायतका सामान
२७	नेशनल कम्प्युटर, झापा	४७०००	व्याट्टी लगायत सामान
९	शुभश्री फर्निचार प्लाजा	८९०००	टि.भि. खरिद
	मेशिनरी औजार जम्मा	**१५४५६६५**	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.

६	सुभश्री फर्निचर प्लाजा	४७७०००	टेवुल, कुर्सी, सोफासेट, स्टील जराज, रिभल्भीङ चेयर आदि
७	श्री कृष्ण इन्टरप्राइजेज	५२५४२५	
८	आयुषा फर्निचर उद्योग	४१८१०	
९	शुभश्री फर्निचार प्लाजा	४७०९१५	
१०	सोनापुर फर्निचर उद्योग झापा	५३९०१०	
२४	सन्तोष स्टील फर्निचर उद्योग	१५९८९५	
	फर्निचर जम्मा	**२२१४०५५**	
	कुल जम्मा :	**३७५९७२०**	

१६ **वितरणको भर्पाइ तथा कार्यसम्पन्न नरहेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्चका विल भर्पाइ सहितको लेखा राख्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : — १३,००,०००।

- भौ नं. ६६४ वाट इन्जिनियर सुनिल थापाले लिएको भूकम्प प्रतिरोधी तालिमको रु ३ लाखको पेश्की फछ्र्यौट गरेको छ । उक्त तालिम २ चरणमा सम्पन्न भएकोमा तालिममा इट्टा, टिएमटी रड लगायतको सामान खरिद भएको तर वितरणको भपाई नभएकोले उक्त सामान वितरण भएको भर्पाई पेश गर्नुपर्ने रु . — ३००,०००
- भौ नं. ६६७ वाट गोवर ग्यास प्लान्ट संचालन गर्न मेची महाकाली उर्जा विकास कम्पनी प्रा लि संग संझौता गरी ४० जनालाई रकम वितरण गरेको भर्पाई संलग्न रहेको तर ग्यास प्लान्ट जडान भएको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको — ५००,०००
- चालु खर्च तर्फ भौ नं. ८७ र ९६ वाट च्याउ फर्म निर्माणको लागि रु दुइ लाखको दरले अनुदान दिएकोमा इट्टा, सिमेन्ट, ढुंगा आदि खरीद गरेको देखिएको तर कार्यसम्पन्न भएको प्रमाण तथा लागत अनुमान पेश नगरेको — ४०००००
- भौ नं. १०३ वाट कृषक अवलोकन भ्रमण गरेकोमा खर्चका प्रमाण पेश नगरेको — १०००००

१७ **मूल्य अभिवृद्धि कर असुल नगरेको :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ मा ढुंगा, गिट्टी, वालुवा, लगायत आदिमा मुल्य अभिवृद्धि कर लाग्ने व्यवस्था अनुरुप कार्यालयले उक्त वस्तुको निकासीमा मुल्य अभिवृद्धि कर लगाई मु.अ.कर दाखिला गरेको देखिन्छ । आर्थिक संकेत वर्गिकरण र व्याख्या अनुसार मुल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने स्थानिय तहले मु.अ.कर लाग्ने वस्तु वा सेवाको कारोवार गरी राजस्व दालिखा गर्दा राजस्व शिर्षक ३३११७ (साविक ११४१७) मा मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसार मु.अ.कर उठाउनुपर्ने ठेक्का लगाएकोमा मु.अ.कर वुझाएको प्रमाण वेगर मु.अ.कर वाहेकको रकम दाखिला गरेको आधारमा कारोवार गर्न दिएको छ । उक्त ठेकेदार संग संझौता गर्दा विक्रि गर्ने मुल्यमा मू.अ.कर असुल गर्नुपर्ने भनि संझौता समेत गरेको समेत छ । तर कार्यालयले आफुले मु.अ.कर वुझाएको प्रमाण वेगर कारोवार गर्न दिएकोले नीजहरुवाट माथि उल्लेखित शिर्षकमा मू.अ.कर वुझाएको भौचर पेश गर्नुपर्ने रु ..... — ४६,९४२/

ठेक्काको विवरण	ठेकेदारको नाम	ठेक्का रकम	मु अ.कर रकम
पाडाजुगी झरका सडक	ठेकेदारसंग कार्यालयले असुल गरेको तर मु.अ.कर शिर्षकमा रकम दाखिला नगरेको ।	८११००	१०५४२
केर्खा क्याम्पा सडक	महेश राइ	२८००००	३६४००

१८ **लिलाम :** कार्यालयले आम्दानीको श्रेस्ता खडा गरी लेखा राख्नु पर्दछ । गाउपालिका वाट प्राप्त आयको

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	विवरण अनुसार लिलामवाट रु १५८४८६१। तथा सडक, ढाट तथा पटके करवाट रु ११७७३६१। आम्दानी भएको विवरण प्राप्त भएको छ । तर लिलाम र सडक, ढाट तथा पटके करको रु ८०५,७१९। को फाइल प्राप्त भएको छैन । जसले गर्दा संझौता अनुसार आम्दानी प्राप्त भए नभएको एकिन भएन ।	२३९०५८०/
१९	**खाजा भत्ता** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा संवन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको सुरु तलव स्केल प्रदेश सरकारले तोकेवमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेवमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत २६ कर्मचारीलाई तलवको अतिरिक्त थप मासीक रु १५००। को दरले रु ४११,०००। खाजा भत्ता वापत भुक्तानी गरेकोले उक्त रकम नियमसंगत नदेखिएको रु	४११,०००।
२०	**नर्म्स तयार नगरी परामर्श सेवाको कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालय, गत वर्षको, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले देहायअनुसारका कार्य गर्दा कुनै आधार नलिई २० लाखमा नवढने गरी देहायअनुसार लागत अनुमान तयार गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी लागत अनुमान तयार गरी भुक्तानी गरेको कार्य अनियमित देखिएको रु ... कार्य | परामर्शदाता | लागत अनुमान (रु हजारमा) | भुक्तानी रकम (रु हजारमा) आवधिक योजना तयारी कार्य | स्लाव कन्सट प्रा लि | १९९९ | १९७७ आन्तरिक राजस्व श्रोतको संभाव्यता अध्ययन | रिसर्च इन्क्लेभ प्रा लि काठमाडौ | फाइल प्राप्त नभएको | ९०१ माथि उल्लेखित आवधिक योजना तयारी कार्यमा लागत अनुमान तयार गर्दा टिम लिडरको मासिक रु १,५२,०००। भएको तर सिंचाइ मन्त्रालयले तयार गरेको अध्ययनको नर्म्समा मासिक रु १३२,०००। रहेको छ । त्यस्तै सोसियल एक्सपर्टको रु १२२०००। भएकोमा सिंचाइमा १०५०००।, जि.आइ.एस एक्सपर्टको रु १,००,०००। भएकोमा सिंचाइमा रु ७९०००।, कम्प्युटर अपरेटरको मासिक रु ५००००। भएकोमा सिंचाइमा रु २६,०००। रहेको देखिन्छ । एउटै पद र एउटै कार्यको लागि विशेषज्ञको दर फरक पारी कार्य गर्नु उचित भएन । तसर्थ परामर्श सेवाको नर्म्स तयार गरी लागु गर्नुपर्दछ ।	२८७८०००/
२१	**उपभोक्ता समितिले गरेको कार्य अधुरो रहेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिसंग कार्यसम्पन्न गर्नु पर्ने अवधि तोकी संझौता गर्नुपर्ने व्यस्था अनुसार तोकिएको अवधिभित्र कार्यसम्पन्न गर्नुपर्नेमा नमुना छनोटको रुपमा केही भौचरको परीक्षण गर्दा देहायअनुसारको कार्यमात्र गरेको देखियो । संझौता अनुसार उक्त कार्यहरु सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएतापनि कार्यान्वयन भएको छैन । तोकिएको काम समयावधि भित्र सम्पादन गर्नुपर्दछ ।	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.

भौचर नं.	उपभोक्ता समितिको नाम	संझौता अनुसारको कार्य रु.	सम्पन्न गरेको कार्य रु.
६३५	शान्तिटोल कालोपत्रे सडक निर्माण	४१६९०६६	१०२८७२८
६४६	रवि पेट्रोल पम्प पूर्व कालोपत्रे निर्माण	३२६१७४८	१३७१०८८
६४७	हिमाली मार्ग कालोपत्रे सडक निर्माण (सव ग्रेड र सव वेश मात्र गरी वाँकी कार्य छोडेको)	३२३३०४२	५४५२३९

२२ **जटिल प्रकृतिको काम उपभोक्ता समितिवाट गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस गाउँपालिकाले कल्भर्ट निर्माण, कालोपत्रे र ग्राभेल लगायत सम्पुर्ण सार्वजनिक निर्माणको कार्य उपभोक्ता समितिवाट गराएको छ । मेशिनले गर्नुपर्ने र सामान आपुर्ति गरी सम्पन्न गर्नुपर्ने जटिल प्रकृतिको कार्य उपभोक्ता समितिमार्फत गराउदा उक्त कार्य ऐन तथा नियमावलीको उक्त व्यवस्थाको प्रतिकुल भएको छ । यसमा सुधार गर्नुपर्दछ ।

२३ **सभौताको दरभन्दा वढी भुक्तानी :** शान्तीटोल कालोपत्रे सडक निर्माणको लागि शान्ती टोल कालोपत्रे सडक निर्माण उपभोक्ता समिति संग रु ४१६९०६६। मा संझौता गरेको देखिन्छ । संझौता अनुसार उक्त रकम मध्ये कार्यालयको योगदान रु २० लाख अर्थात ४७.९७ प्रतिशत रहने गरी संझौता गरी रु १०२८७२८। को कार्य गराई भुक्तानी दिँदा जनसहभागिता गरेको नदेखिएको रु ... ५३५,२४८।

२४ **दररेट फरक पारी वढी भुक्तानी :** सार्वजनिक खरिद निमयावली, २०६४ अनुसार जिल्ला दररेटलाई आधार मानी नर्म्स तयार गर्नुपर्ने उल्लेख छ । फलामे छडको जिल्ला दररेट प्रति केजी रु ७७। अनुसार स्टील वर्क्स (कटिङ, वेन्डीङ, कामदार सहित) को कार्यमा प्रति केजी रु ९६.२९ हुने देखिन्छ । तर कार्यालयले देहायअनुसारका कल्भर्ट निर्माण गर्दा उक्त रकम भन्दा वढीको लागत अनुमान तयार गरी देहायअनुसार वढी खर्च लेखेको देखिएकोले वढी भुक्तानी रकम असुल गर्नुपर्ने रु ... ५६,१८०/

कामको विवरण	प्रयोग भएको फलाम (केजी)	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	वढी भुक्तानी
वाह्रघरे देखी नौसिटे आउने चान्दु होली कल्भर्ट निर्माण	६४५०	९६.२९	१०५	५६१८०

२५ **घरभाडा भुक्तानी :** आयकर ऐन २०५८ अनुसार वहाल कर भुक्तानी गर्दा भुक्तानीमा कर कट्टी गरेर मात्र वाँकी रहेको रकम भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले घरधनी निलकण्ठ निरौलासंग मिति २०७४ मंसीरदेखी लागू हुनेगरी कर वाहेक मासीक रु १०,०००। संझौता गरेको छ ।

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	भुक्तानी प्राप्त गर्नेले कर तिर्नुपर्ने करको सामान्य मान्यताको विपरीत हुने गरी कार्यालयले कर रकम भुक्तानी गर्नेगरी संझौता गर्नु उचित देखिएन । कार्यालयले ८ महिनाको रु ८००००। भुक्तानी दिनुपर्नेमा कर सहित रु ८८,८८८। भुक्तानी भएको देखिएकोले वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु...	८८८८/
२६	**आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः** आन्तरिक लेखापरीक्षण प्रतिवेदनले देहायअनुसारका व्यहोरा औल्याएकोमा फछर्यौट नभएकोले असुल गर्नुपर्ने रु ... भौ नं. ९३ वाट मर्मत तथा कार्यालय संचालन खर्च गरेकोमा भुक्तानीमा कर कट्टी नगरेको: १३८२ भौ नं. १२४ वाट गाडी तथा साउण्ड सिष्टम भाडामा लिदा वहाल कर कम कट्टी गरेको रु: २९७५ प्रदेश सरकार तर्फको कर कट्टी रकम दालिखा नगरेको: १३८३४ जम्मा: १८१९१	१८,१९१/
२७	**वैंक हिसाव मिलान नभएको** : आन्तरीक लेखापरीक्षण प्रतिवेदन अनुसार श्रेष्तामा भन्दा वैंकमा रु ६,६६,०३६।३४ वढी देखिएको तर एकिकृत हिसाव तयार गर्दा रु ८५७,००९.५९फरक परेको देखियो । यस सम्वन्धमा छलफल गर्दा गत वर्षको जिम्मेवारी, आन्तरीक आय तथा विषयगत निकायवाट प्राप्त आम्दानी ववाधेको हुन सक्ने जानकारी कार्यालयले दिएको छ । सो को हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने रु	८५७,००९.५९
२८	**<u>सामाजिक सुरक्षा भत्ता वितरण :</u>** यस वर्ष सामजिक सुरक्षा भत्तामा रु ७ करोड ५१ लाख ४४ हजार खर्च गरेकोमा देखिएका व्यहोरा देहायअनुसार छन् : ● जेष्ठ नागरीकलाई एउटै कममा राखी भत्ता वितरण गर्नुपर्नेमा विधवा, महिला तथा दलितलाई भुक्तानी दिने विवरणमा समावेश गरेको छ । भत्ताको दर जेष्ठ नागरीक तथा अन्यको फरक फरक पर्ने हुदा जेष्ठ नागरीकलाई दिनुपर्ने भत्ता एकृकित गर्नुपर्दछ । ● चौमासीक रुपमा भत्ता भुक्तानी दिएकोमा प्रत्येक पानाको जोडजम्मा नराखी एकमुष्ट रुपमा रकम खर्च भएको उल्लेख गरेको छ । भुक्तानी पाएको रकमको जोडजम्मा गरी एकिकृत गर्नुपर्दछ । ● प्रथम चौमासीकमा मृत्यु भईसकेका तथा गत विगत वर्षमा मृत्यु भईसकेका तथा वसाइ सरेकाको विवरण पछिल्लो चौमासीकमा हटाई विवरण अद्यावधिक गर्नु पर्नेमा मृत्यु भईसकेकाको नाम समेत भर्पाईको कागजातमा देखिन्छ । विवरण अद्यावधिक गरी भर्पाईको कागजात यथार्थपरक वनाउनुपर्दछ । ● नगरपालिका भित्र कुनै पनि वडामा वैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ ।	
२९	**<u>राजश्व :</u>** ● २०७४/७५ मा यस वर्ष रु १ करोड ६४ लाख ८८ हजार आम्दानी भएको छ । राजस्वका थप क्षेत्र पहिचान गरी आम्दानी वृद्धि गर्नु पर्दछ । ● स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५७ वमोजिम नगरपालिकाले घर जग्गा बहाल कर संकलन गर्ने व्यवस्था छ । सो व्यवस्था अन्तर्गत यस आ.व. मा रु ४२६७१। बहाल कर असुल भएको देखिन्छ । उठनुपर्ने बहाल कर एकिन गरि सो कर असुल गर्नुपर्नेमा एकिन नगरेको कारण स्वेच्छाले तिरेको रकम मात्र असुल गर्ने	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	गरेको छ । आ. व.२०७४/०७५ को बहाल कर असुल गर्दा विगत आ. व. हरुको साँवा र ब्याज समेत हिसाब गरेर असुल गर्नुपर्नेमा असुल गरेको पाइएन । उठ्न बाँकि ब्याज सहितको बहाल करको विवरण अध्यावधिक गरि विगतको बहाल कर पहिले असुल गर्नु पर्दछ । साथै वजार ठुलो भएको स्थानमा न्यूनतम घर बहाल दर तोकेको खण्डमा प्रभावकारी तवरले राजस्व संकलन हुने हुदा यसतर्फ कार्यपालिकाले ध्यान जानुपर्ने देखिन्छ । ● वडा कार्यालयहरुलाई नगरपालिकाले नगदि रसिद पठाँउदा रसीद नियन्त्रण खाता राखेको तर आ.व. को अन्त्यमा कति रसिद बाँकी रह्यो भनि रेकर्ड राखिएको पाइएन । ● यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अध्यावधिक गरि उठाउनु पर्दछ ।	
३०	**जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यस गाउँपालीकाको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार जिन्सी खाता अनुसारको परिमाण भन्दा भौतिक परिक्षण गर्दा वढी/घटी देखिएको छ । फरक रहेको केही जिन्सीको विवरण देहायअनुसार छ ।	

सामानको नाम	जिन्सी किताव अनुसारको परिमाण	भौतिक परीक्षण अनुसारको परिमाण
सिलिङ पंखा	३८	५१
स्टील फ्यान	११	९
आराम कुर्सी	४	३६
इभर्टर	८	९
व्याट्री	१७	१८
प्लाष्टिक कुर्सी	१४७	१२०
हत्ता नभएको कुर्सी	५	१
ग्लास टप टेवल	१	०
फलामको कुर्सी	१	०
टि.भी.	२	३
हिटर	७	५

उपर्युक्तानुसार जिन्सी किताव अनुसार भौतिक परीक्षण गर्दा कम देखिएकोमा उक्त सामानहरुको संरक्षण भएको देखिएन भने भौतिक परीक्षण गर्दा वढी देखिएकोमा वढी देखिनुको कारण खरिद गरेका सवै सामानहरु जिन्सी दालिखा नहुनु हो । यसमा जिम्मेवार कर्मचारीलाई जवाफदेही वनाउनुपर्दछ ।

३१	**शिक्षा तर्फ :** शिक्षकहरुको नियुक्ती, अवकास, सरुवा, वढुवा, स्थायी ठेगाना आदि भएको व्यक्तिगत विवरण अद्यावधिक गरिराख्नु पर्नेमा गर्ने गरेको छैन । शिक्षक किताबखानाको तलवी प्रतिवेदनको आधारमा शिक्षकहरुको तलव निकासा दिने गरेको छ । चौमासीक निकासा खाता राख्ने गरेको छैन । आन्तरीक नियन्त्रण कमजोर हुन गई शिक्षकहरुको तलव निकासा फरक पर्न सक्ने अवस्था छ । विद्यालय हरुको निरिक्षण तथा दरवन्दी व्यवस्थापन यथोचित रुपले हुन सकेको छैन ।	
३२	**वित्तीय जवाफदेहीताको मूल्याङ्कन :**कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम रु.
	व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा मूल्यांकन गरिएको छ । सो बमोजिम वित्तीय जवाफदेहिताको स्तर राम्रो तह अन्तर्गत परेकोले यस कार्यालयले "सी" ग्रेडिङ्ग प्राप्त गरेको छ । यसमा सुधार गर्नुपर्दछ ।	
३३	**बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु १ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.८५ लाख ४ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५४ लाख १३ हजार वेरुजु कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएको तथा समायोजनवाट वेरुजु फछ्र्यौट नभई रु. १ करोड ४१ लाख ७ हजार बेरुजू कायम भएको छ ।	
	अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४ (२) (घ) वमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने कम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको वेरुजु फछ्र्यौट गरेको देखिएन । गत वर्षको वेरुजु स्थिति निम्नानुसार देखिएको छ : (रु हजारमा) गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) ४६३ | ० | ४६३	
	अद्यावधिक बेरुजू स्थिति : यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : (रु हजारमा) गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) ४६३ | ० | १४१०७ | १४५७०	

अनुसूची– १

कमल गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	झापा	कमल गाउँपालिका	१९	१४	१४१०७	०	०	०	१९	१४	१४१०७	१९०	८५०४	५४१३	०	०	१३९१७			०

अनुसूची- २

सञ्चित कोष विवरण
२०७४।७५

प्रदेश नम्बर :- १

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५+९)
१.	कमल गाउँपालिका	झापा	८०५९	२१०,०३३	२०४७०५	२२६६५	४३७४०३	१५४,१२५	१७४८३६	७६२१५	४०५,१७६	४०२८६